३६४८

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४४८/२०७१/०७२

मकवानपुर जिल्ला आमभन्ज्याङ्ग गा.वि.स. वडा नं. ७ बस्ने वर्ष ३५ को खडानन्द गौतम ....१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख/गा.वि.स सचिव गाउँ विकास समितिको कार्यालय आमभन्ज्याङ्ग ..............१ विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

मकवानपुर जिल्ला आमभन्ज्याङ्ग गा.वि.स. वडा नं. ७ बस्ने वर्ष ३५ को खडानन्द गौतमले गाउँ विकास समितिको कार्यालय आमभन्ज्याङ्ग समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।१५ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी गाउँ विकास समितिको कार्यालय आमभन्ज्याङ्गका कार्यालय प्रमुख/गा.वि.स. सचिवको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. गाउँ विकास समितिको कार्यालय आमभन्ज्याङ्ग मकवानपुरको सर्वदलीय बैठकले मिति २०७२ जेष्ठ ०४ गते भएको खडानन्द गौतम विरुद्ध खेद प्रस्तावको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुत्त |

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।